## बीमा व्यवसायमा संलग्न बीमा अभिकर्ताहरुको संख्या

| क्र.सं. | आ.व. | २०७०/ ७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|
| १ | दर्ता | ३३,४६७ | २५,०७२ | ४१,७३१ | ४१,१४९ | ४१,७९९ |
| २ | नवीकरण | ४२,५०५ | ५०,५३४ | ५१,५३३ | ३५,६८६ | ५६,८२० |
| ३ | जम्मा | ७५,९७२ | ७५,६०६ | ९३,२६४ | ७६,८३५ | ९८,६१९ |

बीमा बजारमा कार्यरत बीमा अभिकर्ताहरुको संख्यामा उतार चढाव सहित बृद्धि भईरहेको छ। आ.व. २०७०/७१ मा अभिकर्ताहरुको संख्या ३३,४६७ दर्ता र ४२,५०५ नवीकरण गरी जम्मा ७५,९७२ रहेको देखिन्छ। आ.व. २०७१/७२ मा उक्त संख्या ७५,६०६ रहेको देखिन्छ। आ.व. २०७२/७३ मा अभिकर्ताहरुको संख्या बृद्धि भएर ९३,२६४ पुगेको देखिन्छ भने आ.व. २०७३/७४ मा उक्त संख्या घटेर ७६,८३५ पुगेको देखिन्छ। आ.व. २०७४/७५ मा अभिकर्ताहरुको संख्या बृद्धि भएर ४१,७९९ दर्ता र ५६,८२० नवीकरण गरी जम्मा ९८,६१९ पुगेको देखिन्छ।

## बीमा व्यवसायमा संलग्न बीमा सर्भेयरहरुको संख्या

| क्र.सं. | आ.व. | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|
| १ | दर्ता | ५१ | ६७ | ७५ | १० | ४४ |
| २ | नवीकरण | २२२ | १९५ | २०२ | ३३१ | ३७२ |
| ३ | जम्मा | २७३ | २६२ | २७७ | ३४१ | ४१६ |

बीमा बजारमा कार्यरत बीमा सर्भेयरहरुको संख्यामा आ. व. २०७१/७२ मा बाहेक अन्य आ. व. हरूमा निरन्तर बृद्धि भईरहेको छ। आ.व. २०७०/७१ मा सर्भेयरहरुको संख्या ५१ दर्ता र २२२ नवीकरण गरी जम्मा २७३ रहेको देखिन्छ। आ.व. २०७१/७२ मा उक्त संख्या घटी २६२ रहेको देखिन्छ। आ.व. २०७२/७३ मा सर्भेयरहरुको संख्या बृद्धि भएर २७७ पुगेको देखिन्छ भने आ.व. २०७३/७४ मा उक्त संख्या ३४१ पुगेको देखिन्छ। आ.व. २०७४/७५ मा सर्भेयरहरुको संख्या बृद्धि भएर ४४ दर्ता र ३७२ नवीकरण गरी जम्मा ४१६ पुगेको देखिन्छ।

## बीमालेखको संख्या निर्जीवन

| क्र.सं. | आर्थिक वर्ष | निर्जीवन बीमालेखको संख्या | बृद्धि दर |
|---|---|---|---|
| १ | २०७०/७१ | ९१७,६४७ | |
| २ | २०७१/७२ | १,०६४,२०७ | १५.९७ |
| ३ | २०७२/७३ | १,४११,६२९ | ३२.६५ |
| ४ | २०७३/७४ | १,७४३,५७२ | २३.५१ |
| ५ | २०७४/७५ | १,९५८,९५५ | १२.३५ |
| ६ | २०७५/७६ | १,०४५,६३* | |

* आ.व. २०७५।७६ पौष मसान्त

निर्जीवन बीमा कम्पनीहरूको बार्षिक जारी बीमालेख संख्या पछिल्लो पाँच आ.व. को तथ्याङ्कको आधारमा हेर्ने हो भने लगातार बढ्दै गइरहेको देखिन्छ। आ.व. ०७०/७१ मा निर्जीवन बीमा कम्पनीहरूबाट जारी बीमालेखको संख्या ९,१७,६४७ रहेको देखिन्छ भने आ.व. २०७१/७२ मा १५.९७ प्रतिशतले बृद्धि भई १०,६४,२०७ पुगेको देखिन्छ। त्यसैगरी आ.व. २०७२/७३ मा अघिल्लो वर्षको तुलनामा ३२.६५ प्रतिशले बृद्धि भई १४,११,६२९ पुगेको देखिन्छ। आ.व. २०७३/७४ मा अघिल्लो आ.व. को तुलनामा २३.५१ प्रतिशतले बृद्धि भई १७,४३,५७२ पुगेको देखिन्छ भने २०७४/७५ मा निर्जीवन बीमा कम्पनीहरूको जारी बीमालेख संख्या १,९५८,९५५ पुगेको देखिन्छ जुन १२.३५ प्रतिशतले बृद्धि हो। चालू आ.व. २०७५/७६ को पहिलो ६ महिनाको तथ्याङ्क हेर्दा यस्तो संख्या १,०४५,६३८ पुगिसकेको छ।

## बीमालेख संख्या

| क्र.स. | आ.व. | जारी बीमालेखको संख्या | | | वृद्धि दर (%)मा |
|---|---|---|---|---|---|
| | | बैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखको संख्या | जीवन बीमालेखको संख्या | जम्मा बीमालेखको संख्या | |
| १ | २०७०।७१ | ९३३११७ | १०२४४३१ | १९५७५४८ | |
| २ | २०७१।७२ | ९५४६०३ | १३१०६१० | २२६५२१३ | १५.७२ |
| ३ | २०७२।७३ | ९२८८९९ | १५५६२३६ | २४८५१३५ | ९.७१ |
| ४ | २०७३।७४ | ९३३३०८ | १७९६६६६ | २७२९९७४ | ९.८५ |
| ५ | २०७४।७५ | ८६३४४१ | १९२८७४२ | २७९२१८३ | २.२८ |
| ६ | २०७५।७६ | | | ५१५२५८७ | ८४.५४ |

* आ.व. २०७५।७६ पौष मसान्त

जीवन बीमा कम्पनीहरूको बार्षिक जारी बीमालेख संख्या पछिल्लो पाँच आ.व. को तथ्याङ्कको आधारमा हेर्ने हो भने लगातार बढ्दै गइरहेको देखिन्छ। आ.व. २०७०/७१ मा जीवन बीमा कम्पनीहरूबाट जारी बीमालेखको संख्या १, ९,५७,५४८ रहेको देखिन्छ भने आ.व. २०७१/७२ मा १५.७२ प्रतिशतले बृद्धि भई २२,६५,२१३ पुगेको देखिन्छ। त्यसैगरी आ.व. २०७२/७३ मा अघिल्लो आ.व. को तुलनामा ९.७१ प्रतिशले बृद्धि भई २४,८५,१२५ पुगेको देखिन्छ। आ.व. २०७३/७४ मा अघिल्लो आ.व. को तुलनामा ९.८५ प्रतिशले बृद्धि भई २७,२९,९७४ पुगेको देखिन्छ भने आ.व. २०७४/७५ मा जीवन बीमा कम्पनीहरूको जारी बीमालेख संख्या २७,९२,१८३ पुगेको देखिन्छ। चालू आ.व. २०७५/७६ पौष मसान्तको तथ्याङ्क अनुसार यस्तो बीमालेखको संख्या अहिलेनै ५१,५२,५८७ पुगेको देखिन्छ जुन अघिल्लो आ.व. को तुलनामा ९ प्रतिशत भन्दा बढी रहेको छ।

## बीमा क्षेत्रबाट सरकारलाई प्राप्त कर

| क्र.सं. | बीमकको प्रकार | जम्मा | | |
|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
| १ | नेपाल पूनर्बीमा क. लि. | ३०.६८ | ५०.३९ | ८७.७३ |
| २ | निर्जीवन बीमा ब्यवसाय | २९७.०० | ३२६.५९ | ३८८.९४ |
| ३ | जीवन बीमा ब्यवसाय | १५८.०० | २१०.८४ | २४२.४१ |
| | जम्मा | ४८५.६८ | ५८७.८२ | ७१९.०८ |

बीमा व्यवसाय राज्यलाई कर तिर्ने हिसाबमा समेत महत्वपूर्ण वित्तीय व्यवसायको रूपमा प्रमाणित हुदै गएको देखिन्छ। आ.व. २०७२/७३ मा निर्जीवन बीमा व्यवसाय तर्फ सबै भन्दा धेरै रू. २ अर्ब ९७ करोड, जीवन बीमा व्यवसाय तर्फ रू. १ अर्ब ५८ करोड र नेपाल पूनर्बीमा कम्पनीले रू. ३० करोड ६८ लाख कर तिरेकोमा त्यस्तो रकम बढ्दै गई आ.व. २०७४/७५ मा आइपुग्दा निर्जीवन बीमा व्यवसाय तर्फ रू. ३ अर्ब ८८ करोड, जीवन बीमा व्यवसाय तर्फ रू. २ अर्ब ४२ करोड र नेपाल पूनर्बीमा कम्पनीले रू. ८७ करोड ७३ लाख कर तिरेको देखिन्छ। तुलनात्मक रूपमा निर्जीवन बीमा कम्पनीहरू कर तिर्ने हिसाबमा अग्रणी देखिएका छन् भने एउटै मात्र कम्पनी भए तापनि राज्यको समेत प्राथमिकतामा परेको नेपाल पुनर्बीमा कम्पनीको समेत समग्रमा राम्रै बृद्धि भएको देखिन्छ।

## बीमकहरुमा कार्यरत कर्मचारीको संख्या

| आ.व. | संख्या | बार्षिक बृद्धिदर |
|---|---|---|
| २०७०/७१ | ३४०३ | |
| २०७१/७२ | ३७५३ | १०.२९ |
| २०७२/७३ | ४०३६ | ७.५४ |
| २०७३/७४ | ४६२० | १४.४७ |
| २०७४/७५ | ७०४६ | ५२.५१ |
| २०७५/७६ | ९०२८* | |

* आ.व. २०७५।७६ पौष मसान्त

नेपालमा बीमा कम्पनीहरुले प्रदान गर्दै आएको रोजगारीको संख्या निरन्तर बढ्दै गइरहेको छ। आ.व. २०७०/७१ मा बीमकमा कार्यरत कर्मचारीको संख्या ३,४०३ रहेकोमा आ.व. २०७१/७२ मा उक्त संख्यामा १०.२८ प्रतिशतले बृद्धि भई ३,७५३ पुगेको देखिन्छ। त्यसैगरी आ.व. २०७२/७३ मा कर्मचारीको संख्या ४,०३६ रहेकोमा आ.व. २०७३/७४ मा १४.४६ प्रतिशले बृद्धि भई ४,६२० पुगेको देखिन्छ। त्यसैगरी उक्त संख्यमा ५२.५१ प्रतिशतले बृद्धि भई आ.व. २०७४/७५ मा ७,०४६ पुगेको देखिन्छ। चालू आ.व. को पहिलो ६ महिनाको तथ्याङ्क हेर्दा कर्मचारीहरुको संख्या ९०२८ पुगेको देखिन्छ। यस्तो क्रमिक वृद्धिले बीमा क्षेत्र रोजगारीको लागि एउटा उपयुक्त र आकर्षक क्षेत्रको रूपमा विकसित हुँदै गईरहेको बुझन सकिन्छ।

# बीमा क्षेत्रको वर्तमान अवस्था

बीमा समितिको एकाउन्नौ बार्षिकोत्सवको अवसरमा प्रकाशित
वि.सं. २०७६ साल ज्येष्ठ १ गते

**बीमा समिति**
कुपण्डोल, ललितपुर फोन नं.: ९७७-१-५५२८६१८
फ्याक्स नं.: ९७७-१-५५२०११९
Toll Free No.: 1660-01-5789

## बीमा कम्पनीहरुको स्वामित्व संरचना

| स्वामित्व | कम्पनीको प्रकृति | | | जम्मा |
|---|---|---|---|---|
| | निर्जीवन | जीवन | पुनर्बीमा | |
| सरकारी | १ | १ | | २ |
| निजी | १६ | १६ | | ३२ |
| विदेशी शाखा | २ | १ | | ३ |
| संयुक्त लगानी | १ | १ | १ | ३ |
| जम्मा | २० | १९ | १ | ४० |

वि.सं. २००४ सालमा सुरूवात भएको नेपाली बीमा उद्योग चालू आ.व. २०७५।७६ सम्ममा आइपुग्दा निकै ठूलो भइसकेको छ । हाल नेपालमा १९ वटा जीवन, २० वटा निर्जीवन र १ वटा पुनर्बीमा कम्पनी गरी कूल ४० वटा बीमा कम्पनीहरू सञ्चालनमा रहेका छन् । बीमकहरु लाई स्वामित्वको आधारमा सरकारी, निजी, विदेशी शाखा र संयुक्त लगानी गरी चार किसिमले विभाजन गरिएको छ ।

| संयुक्त लगानी | विदेशी शाखा |
|---|---|
| क) लाइफ इन्स्योरेन्स कर्पोरेशन (ने) लि. | क) मेट लाइफ एलिको-जीवन |
| ख) सगरमाथा इन्स्योरेन्स क. लि. | ख) नेशनल इन्स्योरेन्स क. लि. |
| | ग) ओरिएण्टल इन्स्योरेन्स क. लि. |

## कूल गार्हस्थ उत्पादनमा कूल बीमाशूल्क अनुपात

| क्र.सं. | आ.व. | कूल बीमाशूल्क आर्जन (रु. करोडमा) | कूल गार्हस्थ उत्पादन (रु. करोडमा) | कूल गार्हस्थ उत्पादनमा कूल बीमाशूल्क अनुपात (%) |
|---|---|---|---|---|
| १ | २०७०/७१ | ३,०४३.१३ | १९४,१६०.०० | १.५७ |
| २ | २०७१/७२ | ३,६४१.२६ | २१२,४६०.०० | १.७१ |
| ३ | २०७२/७३ | ४,३६१.६२ | २३०,९४२.०० | १.८९ |
| ४ | २०७३/७४ | ५,४०९.२७ | २५९,६१३.४५ | २.०८ |
| ५ | २०७४/७५ | ७,३७९.२७ | ३०३,५११.६२ | २.४३ |
| ६ | २०७५/७६ | ४१८३.२५* | | |

* आ.व. २०७५।७६ पौष मसान्त

कूल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य) मा बीमाशुल्कको अनुपात क्रमिक रुपमा बढ्दै गईरहेको देखिन्छ । आ.व. २०७०/७१ मा कूल गार्हस्थ्य उत्पादनमा बीमाशुल्कको अनुपात १.५७ प्रतिशत मात्र रहेकोमा आ.व. २०७१/७२, ७२/७३, ७३/७४ र २०७४/७५ मा समेत यस्तो अनुपात बढ्दै गई आ.व. २०७४/७५ मा २.४३ प्रतिशत पुगेको छ। बीमा बजारमा आएको सुधार र नयाँ बीमकहरुको उल्लेखनीय उपस्थिति सँगै चालू आ.व. २०७५/७६ मा समेत यस्तो अनुपात बढ्ने प्रक्षेपण गर्न सकिन्छ ।

## जीवन बीमा कम्पनी

| क स | नाम | प्रधान कार्यालय | दर्ता मिति | शाखा |
|---|---|---|---|---|
| १ | श्री राष्टिय बीमा संस्थान | रामशाहपथ | २०२५।०९।०१ | १२ |
| २ | श्री नेशनल लाईफ इन्स्योरेन्स कं. लि. | लाजिम्पाट | २०४४।०९।२३ | ९९ |
| ३ | श्री नेपाल लाईफ इन्स्योरेन्स कं. लि. | कमलादी | २०५८।०१।०४ | १७५ |
| ४ | श्री लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | नक्साल | २०५८।०४।२३ | ५८ |
| ५ | श्री मेट लाईफ एलिको | पूल्चोक | २०५८।०४।१८ | २५ |
| ६ | श्री एशियन लाईफ इन्स्योरेन्स कं. लि. | मैतिदेवी | २०६४।१२।२१ | ११४ |
| ७ | श्री सूर्या लाईफ इन्स्योरेन्स कं. लि. | सानो गौचरण | २०६४।१२।०६ | ७७ |
| ८ | श्री गुँरास लाईफ इन्स्योरेन्स कं. लि. | तीनकुने | २०६४।१२।१८ | ७० |
| ९ | श्री प्राईम लाईफ इन्स्योरेन्स कं. लि. | हात्तिसार | २०६५।०२।२२ | १२७ |
| १० | श्री आईएमई लाईफ इन्स्योरेन्स कं. लि. | लैनचौर | २०७४।०३।२० | ७४ |
| ११ | श्री युनियन लाईफ इन्स्योरेन्स कं. लि. | नयाँ बानेश्वर | २०७४।०३।२० | १५४ |
| १२ | श्री ज्योति लाईफ इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर | २०७४।०३।२० | ९८ |
| १३ | श्री सन नेपाल लाईफ इन्स्योरेन्स कं. लि. | कमलादी | २०७४।०४।१८ | ६९ |
| १४ | श्री रिलायन्स लाईफ इन्स्योरेन्स लि. | नयाँ बानेश्वर | २०७४।०४।१८ | ६८ |
| १५ | श्री रिलायबल नेपाल लाईफ इन्स्योरेन्स लि. | ज्ञानेश्वर | २०७४।०४।१८ | ७० |
| १६ | श्री सिटिजन लाईफ इन्स्योरेन्स कं. लि. | थापाथली | २०७४।०५।०७ | ६७ |
| १७ | श्री सानिमा लाईफ इन्स्योरेन्स कं. लि. | कमलादी | २०७४।०५।०७ | ५० |
| १८ | श्री प्रभु लाईफ इन्स्योरेन्स कं. लि. | कमलादी | २०७४।०५।०७ | ४७ |
| १९ | श्री महालक्ष्मी लाईफ इन्स्योरेन्स लि. | कमलपोखरी | | १० |
| आ.व. २०७५।७६ फाल्गुन मसान्त | | | जम्मा | १४६४ |

नेपालमा हाल १९ वटा जीवन बीमा कम्पनीहरु रहेका छन् । यी मध्ये सबैभन्दा जेठो बीमक, श्री राष्ट्रिय बीमा संस्थान हो भने सबैभन्दा कान्छो बीमक श्री महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेड हो । यी बीमकहरुको प्रधान कार्यालय र शाखा संख्या सहितको विवरण माथि उल्लेखित छ ।

## निर्जीवन बीमा कम्पनी

| क स | नाम | प्रधान कार्यालय | दर्ता मिति | शाखा |
|---|---|---|---|---|
| १ | श्री नेपाल इन्स्योरेन्स कं. लि. | कमलादी | २००४।०६।०८ | ४६ |
| २ | दि ओरियण्टल इन्स्योरेन्स कं. लि. | डिल्लिबजार | २०२४।०५।३० | १४ |
| ३ | श्री राष्टिय बीमा कं. लि. | रामशाहपथ | २०७०।०३।१५ | १३ |
| ४ | श्री नेशनल इन्स्योरेन्स कं. लि. | त्रिपुरेश्वर | २०४४।०९।२३ | १२ |
| ५ | श्री हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | बबरमहल | २०५०।०४।०६ | २७ |
| ६ | श्री युनाईटड इन्स्योरेन्स कं. (नेपाल) लि. | थापाथली | २०७०।०६।०७ | ३० |
| ७ | श्री प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. | नक्साल | २०५१।०१।०८ | ५८ |
| ८ | श्री एभरेष्ट इन्स्योरेन्स कं. लि. | हात्तिसार | २०५१।०२।१७ | २८ |
| ९ | श्री नेको इन्सुरेन्स लि. | अनामनगर | २०५३।०२।१७ | ५२ |
| १० | श्री सगरमाथा इन्स्योरेन्स कं. लि. | भगवतीबहाल | २०५३।०३।१२ | ७० |
| ११ | श्री प्रभु इन्स्योरेन्स लि. | तीनकुने | २०५३।०४।०४ | ३८ |
| १२ | श्री आईएमई जनरल इन्स्योरेन्स लि. | नक्साल | २०५७।१०।१० | ४५ |
| १३ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | कमलादी | २०५९।०१।२० | ४८ |
| १४ | श्री शिखर इन्स्योरेन्स कं. लि. | थापाथली | २०६१।०७।०२ | ९१ |
| १५ | श्री लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर | २०६२।०३।३१ | ४५ |
| १६ | श्री एनएलजी इन्स्योरेन्स कं. लि. | लाजिम्पाट | २०६२।०६।२३ | ७३ |
| १७ | श्री सिद्धार्थ इन्स्योरेन्स लि. | बबरमहल | २०६२।१२।२३ | ७४ |
| १८ | श्री जनरल इन्स्योरेन्स कं. नेपाल लि. | हात्तिसार | २०७५।०२।२९ | ३९ |
| १९ | श्री अजोड इन्स्योरेन्स कं. लि. | सुन्धारा | २०७५।०२।२९ | २७ |
| २० | श्री सानिमा इन्स्योरेन्स कं. लि. | कमलादी | २०७५।०२।२९ | १२ |
| आ.व. २०७५।७६ फाल्गुन मसान्त | | | जम्मा | ८४२ |

नेपालमा हाल २० वटा निर्जीवन बीमा कम्पनीहरु रहेका छन् । यी मध्ये सबैभन्दा जेठो बीमक, श्री नेपाल इन्स्योरेन्स कं. लि. हो भने सबैभन्दा कान्छो बीमकको रुपमा अघिल्लो वर्ष स्थापनार्थ स्वीकृति प्राप्त गरेका तीन नयाँ बीमकहरु रहेका छन् । यी बीमकहरुको प्रधान कार्यालय र शाखा संख्या सहितको विवरण माथि उल्लेखित छ ।

## जीवन बीमा व्यवसायबाट आर्जन भएको कुल बीमाशुल्क

| क्र. सं | आर्थिक वर्ष | जीवन बीम(।शूल्क आर्जन (रु. करोडमा) | अघिल्लो आ.( व.को तुलनामा बृद्धि (प्रतिशत) |
|---|---|---|---|
| १ | २०७०।७१ | २०००.५३ | |
| २ | २०७१।७२ | २४९७.३३ | २४.८३ |
| ३ | २०७२।७३ | २९४९.१३ | १८.०९ |
| ४ | २०७३।७४ | ३७६४.१९ | २७.६४ |
| ५ | २०७४।७५ | ५१४१.८५ | ३६.०६ |
| ६ | २०७५।७६ | ३०९०.०२* | |

* आ.व. २०७५।७६ पौष मसान्त

विगत पाँच आ.व. को बीमाशुल्क आर्जनको अवस्थालाई हेर्दा जीवन बीमा व्यवसाय तर्फ क्रमश: कूल बीमाशुल्क आर्जनमा बृद्धि हुदै गइरहेको देखिन्छ । आ.व. २०७०/७१ मा रू. २० अर्ब बीमाशुल्क आर्जन भएकोमा त्यसमा क्रमश: विस्तार हुँदै गई आ.व. २०७४/७५ मा आइपुग्दा रू. ५१ अर्ब ४१ करोड पुगेको देखिन्छ । जीवन बीमा तर्फको बृद्धिदरमा सामान्य उतारचढाव रहेको भएता पनि औषतमा भने बृद्धिदर सकारात्मक नै देखिन्छ । आ.व. २०७५/७६ को पहिलो ६ महिनामा भने बीमाशुल्क आर्जन करीब रु. ३१ अर्ब पुगेको अवस्था छ ।

## निर्जीवन बीमा व्यवसायबाट आर्जन भएको कुल बीमाशुल्क

| क्र. सं | आर्थिक वर्ष | निर्जीवन बीम(।शूल्क आर्जन (रु.करोडमा) | अघिल्लो आ.( व.को तुलनामा बृद्धि (प्रतिशत) |
|---|---|---|---|
| १ | २०७०/७१ | १०४२.६ | |
| २ | २०७१।७२ | ११४३.९३ | ९.७२ |
| ३ | २०७२।७३ | १४१२.४९ | २३.४८ |
| ४ | २०७३।७४ | १६४५.०८ | १६.४७ |
| ५ | २०७४।७५ | २२३७.४२ | ३६.०१ |
| ६ | २०७५।७६ | १०९३.२३* | |

* आ.व. २०७५।७६ पौष मसान्त

विगत पाँच आ.व. को बीमाशुल्क आर्जनको अवस्थालाई हेर्दा निर्जीवन बीमा व्यवसाय तर्फ पनि जीवन बीमामा जस्तै क्रमश: कूल बीमाशुल्क आर्जनमा बृद्धि हुदै गएको देखिन्छ । आ.व. २०७०/७१ मा रू. १० अर्ब ४२ करोड बीमाशुल्क आर्जन भएकोमा त्यसमा क्रमश: बृद्धि भई आ.व. २०७४/७५ मा रू. २२ अर्ब ३७ करोड पुगेको देखिन्छ । बीमाशुल्क आर्जन जीवन बीमाको तुलनामा भने आधा मात्रै रहेको पाइन्छ। आ.व. २०७५/७६ को पहिलो ६ महिनामा भने बीमाशुल्क आर्जन करीब रु. ११ अर्ब पुगेको अवस्था छ ।